कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

SAGARMATHA JALABIDHYUT COMPANY LIMITED

सगरमाथा जलविद्युत कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२९, काठमाण्डौ

(आयोजनाको नाम : सुपर माई ए जलविद्युत आयोजना)

www.sagarmathajbc.com.np Email: sagarmathahydropower@gmail.com

को

साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना ।

सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको जारी पूँजी रु. १,१२,००,००,०००/- (एक अर्ब बाह्र करोड) मध्ये ४९% अर्थात् रु.५४,८८,००,०००/- (चौउन्न करोड अठासी लाख) रकम बराबरको रु.१००/- अंकित दरका ५४,८८,००० (चौउन्न लाख अठासी हजार) कित्ता शेयरहरु मध्ये जारी पूँजीको १०% अर्थात रु.११,२०,००,०००/- (एघार करोड बिस लाख) रकम बराबरको रु. १०० अंकित दरका ११,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु (ईलाम जिल्लाको बासिन्दा) को निमित्त तथा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.४,३६,८०,०००/- (चार करोड छत्तीस लाख असी हजार) रकम बराबरको रु.१००/- अंकित दरका ४,३६,८०० (चार लाख छत्तीस हजार आठ सय) कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि बाँडफाँड गरिएको र बाँडफाँड गरे पश्चात जारी पूँजीको ३९% अर्थात् रु.४३,६८,००,०००/- (त्रिचालीस करोड अठसी लाख) रकम बराबरको रु.१००/- अंकित दरका ४३,६८,००० (त्रिचालीस लाख अठसी हजार) कित्ता शेयरहरु मध्ये २,१८,४०० कित्ता शेयर (सर्वसाधारणको लागि छुटयाईएको शेयरको ५%) सामूहिक लगानी कोषका योजनाहरुको लागि र १,३१,०४० कित्ता शेयर (सर्वसाधारणको लागि छुटयाईएको शेयरको ३%) कर्मचारीहरुको लागि बाँडफाँड गरी बाँकी रहेको ३५,८१,७६० कित्ता साधारण शेयर मिति २०७९/१२/०८ गते बुधबार देखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा <u>आज मिति २०७९ चैत्र १२ गते आइतबार</u> (बैकिङ्ग समय पश्चात्) सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बधित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधार मानि साधारण शेयरका लाथि दरखास्त बुझिलिने कार्य आज मिति २०७९ माघ १५ गते (बैकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन र सो अवधीमा प्राप्त भएका आवेदनहरुलाई तोकिएको समयावधी भित्र रुजु गरी दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आश्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुनियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्याः १०	कित्ता दरखास्त दिनुपर्ने अधिकतम शेयर संख्याः १०,००० कित्ता

दरखास्त साथ प्रति शेयर १००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्नेछ ।

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
क.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइटः www.prabhucapital.com, फोन नं.: ०१-४१६९१००, ०१-५९७०२००
ख.	सगरमाथा जलविद्युत कम्पनी लिमिटेड, का.म.पा-२९, अनामनगर, काठमाण्डौ, www.sagarmathajbc.com.np
ग.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
क.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आश्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सी-आश्वा प्रणली मार्फत आवेदन दिन सकिनेछ ।

नेटवर्थ सम्बन्धी विवरणः

विवरण	वास्तविक				प्रक्षेपित		
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८० (आश्विन मसान्त)	२०७९/८०	२०८०/८१	२०८१/८२
प्रति शेयर आम्दानी रु.	३.७०	११.३९	११.६५	८.२४	७.२२	१०.३६	११.२३
प्रति शेयर नेटवर्थ रु.	१००.७६	११२.१३	१११.४१	१०९.१३	१०७.६८	११८.०४	१२९.२७
संचित नाफा नोक्सान (हजारमा)	३,३६६.०७	५४,८११.९०	६५,२०१.३४	५२,१३९.५९	८५,९६२.९३	२०२,०३३.१२	३२७,७७७.५०

<u>प्रति मेगावाट लागत सम्बन्धि विवरणः</u>

कम्पनीले निर्माण गरी संचालन गरेको सुपर माई ए जलविद्युत आयोजना (९.६ मे.वा.) को कुल (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.१९,८४,३३,०७७/- रहेको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरणः

सुपर माई ए जलविद्युत आयोजना (९.६ मे.वा.) को विद्युत उत्पादन अनुमतीपत्र वहाल रहने अवधि मिति २०७४/११/१८ देखि २१०९/११/१७ गते सम्म रहेकोले ३० वर्ष ७ महिना बाँकी रहेको छ ।

<u>लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरणः</u>

आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ९.०४ वर्ष र Discounted Pay Back Period १९.४०.वर्ष रहेको छ ।

जलविद्युत आयोजनाको कुल लागत विवरणः

सुपरमाई ए जलविद्युत आयोजना (९.६ मे.वा.) कुल लागत (Interest During Construction (IDC) सहित १,९०,४९,५७,५३७/- रहेको छ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूवर रेटिङ्ग गराई "(ICRANP-IR)BBB- [Triple B Minus)] रेटिङ्ग प्राप्त गरेको छ । ICRA -NP BBB-(Is) ले" Considered to have moderste degree of safety regarding timely servicing of financial obligations" रहेको जनाउँदछ । यसको अर्थ वित्तीय दायित्वहरुको समयमै सेवा गर्ने सन्दर्भमा मध्यम स्तरको सुरक्षा भएको मानिन्छ । ईक्रा नेपाल लिमिटेडले ICRANP-IR] AAA b]lv [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ । [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ ICRA-NP BBB(Is) को स्थिति ICRA-NP BB(Is) को भन्दा एक चिन्ह तल रहन्छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मिति २०७९/०३/०१ **रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८०/०२/३०**

लागानीकर्ताले धितोपत्र सार्वजनिक निष्काशनमा आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरण-पत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

*यस निष्काशन सम्बन्धि विस्तृत जानकारीको लागि मिति २०७९ फागुन ३० गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा कम्पनीको वेवसाइट **www.sagarmathajbc.com.np** तथा धितोपत्र निष्काशन बिक्रि प्रबन्धकको वेवसाइट **www.prabhucapital.com.np** बाट समेत प्राप्त गर्न सकिने छ ।*

कम्पनीको संसथापक शेयरधनी/आयोजना प्रभावित क्षेत्रका स्थानिय बासन्दिाहरु (ईलाम जिल्लाको स्थायी बासिन्दाहरु) तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई शेयर निष्काशन गर्दा आवेदन दिई बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा पुनःआवेदन दिएमा निजहरुको आवेदन स्वतःरद्ध हुने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक

प्रभु क्यापिटल लिमिटेड

prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)

कमलादी, काठमाडौं, फोन नं. ०१-५९७०२००, ०१-४१६९१००

E-mail: info@prabhucapital.com, web: www.prabhucapital.com

साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द सम्बन्धी सूचना मिति २०७९ चैत्र १२ गते आइतबार नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।